# *सइन* उपन्यासको समाजभाषिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा
शिक्षा विभागअन्तर्गतको स्नातकोत्तर तह, एम.एड.,
द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र

सपना शर्मा
९-२-३२१-००३२-२०१३
२४०००७४/२०७४

नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७८/२०२२

## प्रतिबद्धतापत्र

यस *सइन उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७८/०९/१२

सन् : २७/१२/२०२१

............................

सपना शर्मा

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

*सइन उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको यो शोधपत्र छात्रा सपना शर्माले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको यो शोधपत्र एउटा नमुना शोधपत्रका रूपमा तयार भएको जस्तो मलाई लाग्दछ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७८/०९/१८

सन् : ०२/०१/२०२२

..............................

विन्दु पौडेल (वस्ती)

उपप्राध्यापक

## कृतज्ञताज्ञापन

प्रस्तुत *सइन उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकको शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनका लागि तयार पारिएको हो । समाजभाषिक अध्ययनको क्षेत्रमा कम मात्र अध्ययन भएकाले यस विषयसँग सम्बन्धित भएर गरिएको यस अध्ययनले आगामी अध्ययन तथा अनुसन्धानमा थप सहयोग हुनेछ । सर्वप्रथमतः प्रस्तुत उपन्यासका लेखक अर्थात् शोधनायक यात्रीप्रकाश पाण्डेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पस तथा यसअन्तर्गतको नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यको शीर्षक छनोटदेखि लिएर सामग्री सङ्कलन, लेखन र परिमार्जनका साथै कुशल निर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख एवम् शोधनिर्देशक आदरणीय गुरुआमा विन्दु पौडेल (वस्ती) प्रति कृतज्ञता प्रकट गर्दछु । आफ्नो अति व्यस्त समयको बाबजुद पनि शोध लेखनको सम्बन्धमा अमूल्य समय, सुझाउ र पूर्णरूपमा सहयोग तथा मार्गनिर्देशन प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पसका आदरणीय गुरु सरोज दवाडीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा विभिन्न प्रकारका सन्दर्भ सामग्रीहरू उपलब्ध गराइदिने सप्तगण्डकी क्याम्पस पुस्तकालय र बालकुमारी क्याम्पस पुस्तकालयप्रति धन्यवाद प्रकट गर्न चाहन्छु ।

शोधलेखनका क्रममा शान्तिप्रसाद ढकाल, पारसमणि भण्डारी, भोजराज ढुङ्गेल, माधवप्रसाद पौडेल, चूडामणि बन्धु, माधवप्रसाद आचार्य, हेमाङ्गराज अधिकारीका कृतिहरू एवम् कविता पाल, भानुभक्त ढकाल, बालकुमारी काफ्ले, दिकमत रोका, देवी शर्मा रञ्जनाकुमारी प्याकुरेल, सुष्माकुमारी बराल, पार्वती शर्मा, कमला घिमिरेका शोधलेखहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै मेरो उज्वल भविष्यप्रति समर्पित भइरहने मेरो जीवनसाथी अशोक आचार्यप्रति जन्मभर कृतज्ञ रहने छु । शिक्षा क्षेत्रमा यस अवस्थासम्म पुऱ्याउन उत्प्रेरणा प्रदान गर्नुहुने बुवाआमा राजकुमार पौडेल र आमा शारदादेवी पौडेल, सासुससुरा देवीप्रसाद आचार्य र पुष्पा आचार्य र प्यारी छोरी आस्था आचार्यप्रति पनि आजीवन आभारी रहने छु । शोधपत्र तयार पार्ने क्रममा हरतरहले सहयोग गर्ने आत्मीय साथीहरू प्रतिमा, कुमारी र कविताप्रति विशेष आभारी छु । टङ्कन कार्यमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति विशेष कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

मिति : २०७८/०९/१२ शोधार्थी

सन् : २७/१२/२०२१ सपना शर्मा

## शोधसार

समाजभाषिक आधारमा आधारित *सइन* उपन्यासको विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको उद्देश्य रहेकाले यसको शीर्षक *सइन उपन्यासको समाजभाषिक अध्ययन* राखिएको छ । यो शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरूमा *सइन* उपन्यासको भाषाशैलीको समाजभाषिक अध्ययन गर्नु र यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत र लिङ्गगत आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको छ ।

प्रस्तुत शोधकार्य *सइन* उपन्यासको समाजाभाषिक अध्ययनसँग सम्बन्धित भएकाले प्राथमिक सामग्रीको रूपमा यात्रीप्रकाश पाण्डेद्वारा लिखित *सइन* उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा लिई यसैसँग सम्बन्धित समाज भाषाविज्ञानसँग सम्बन्धित शोधपत्र, पाठ्यपुस्तक, सम्बन्धित साहित्यका समालोचनात्मक कृतिहरू, विभिन्न लेख, रचना, इमेल, इन्टरनेटलाई द्वितीयक सामग्रीका रूपमा  सहयोगबाट सामग्री सङ्कलन गरिएको छ । यही द्वितीयक स्रोतका साधनहरू ब्याख्या र विश्लेषण गरी अध्ययनको ढाँचा निर्माण गरिएको छ । यस उपन्यासको समाजभाषिक अध्ययनका क्रममा समाज भाषाविज्ञानको परिचय र सैद्धान्तिक पृष्ठभूमि, भाषिक भेदहरूको क्रमशः विश्लेषण गरिएको छ । यसका साथै वर्गगत र लिङ्गगत अवस्थाका आधारमा *सइन* उपन्यासका पात्रहरूले प्रयोग गरेका भाषाको भाषिक विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

*सइन* उपन्यास यात्रीप्रकाश पाण्डेद्वारा लेखिएको सामाजिक उपन्यास हो । सशस्त्र द्वन्द्वको गहिराइसम्म पुगेर लेखिएको यो उपन्यास दसवर्षे गृहयुद्धको महत्त्वपूर्ण दस्तावेज मात्र हैन, तत्कालीन समाजको प्रतिबिम्ब हो भनी प्रस्तुत गरिएको छ । यस उपन्यासमा नेपाली पात्रहरू पैसा कमाउने सिलसिलामा विदेश गएको र त्यहाँ विभिन्न प्रकारका समस्याहरू सिर्जना भई जीवन बचाउन गाह्रो भएको परिवेशको चित्रण रहेको छ । शैक्षिक स्तरका आधारमा उपन्यासमा बढी मात्रामा अशिक्षित पात्रहरू अधिक रहेका छन् भने शिक्षित पात्र कम रहेका छन् । उपन्यासमा मध्यमवर्गको पात्रको प्रयोग बढी पाइन्छ भने निम्नवर्गका पात्रहरूको उच्चवर्गका तुलनामा बढी रहेका छन् । उपन्यासमा वर्ग, शिक्षा, लिङ्ग आदिका

दृष्टिले विभेदीकरण भएको समाजलाई देखाउन सफल देखिन्छ । शिक्षितवर्गका पात्रले प्रयोग गरेको भाषाको वाक्यगठन मिलेको, आदरयुक्त भाषिक प्रयोग, दर्शनयुक्त तथा नैतिक, शिक्षामूलक भाषिक अभिव्यक्ति पाइन्छ भने अशिक्षित पात्रको भाषिक प्रयोगमा परम्परावादी सोच, गालीगलौजपूर्ण भाषा, रुखो तथा रूढीवादी विचार, ग्रामीण भाषायुक्त भाषाको प्रयोग पाइन्छ । लिङ्गका आधारमा समेत उपन्यासमा पुरुष र महिला पात्रहरू रहेका छन् । पुरुष पात्रका तुलनामा महिला पात्र कम रहेका छन् र पुरुषको भाषिक प्रयोगमा धेरै भिन्नता नरहे तापनि शब्दभण्डारका तहमा र क्रियाको प्रयोगमा भिन्नता पाइन्छ । *सइन* उपन्यासमा समाजका सबै वर्ग, लिङ्ग, जातीय मिश्रण रहेको उपन्यासको भाषालाई समाजसापेक्ष बनाएको छ । यो शोधकार्यमा समाजभाषिक अध्ययनका क्रममा शोधपत्रलाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा वर्गीकरण गरी पाँच अध्यायमा विभाजन गरी निष्कर्ष निकालिएको छ र अन्त्यमा सन्दर्भ सामग्रीसूची र व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्यलाई समापन गरिएको छ ।

# विषयसूची

*मुखपृष्ठ*
*प्रतिबद्धतापत्र*
*शोधनिर्देशकको सिफारिसपत्र*
*स्वीकृतिपत्र*
*कृतज्ञताज्ञापन*
*शोधसार* क
*सङ्क्षिप्त रूपसूची* ग
*विषयसूची* घ
*तालिकासूची* झ
*रेखाचित्रसूची* ञ
*चिन्हसूची* च

**अध्याय एक**
**शोधपरिचय**
अध्ययनको पृष्ठभूमि १
समस्याकथन २
अध्ययनको औचित्य ३
शोधकार्यको उद्देश्य ३
शोधकार्यको सीमाङ्कन ३
पारिभाषिक शब्दावली ३
सारांश ४

**अध्याय दुई**
**सम्बन्धित कार्यको पुनरावलोकन**
सैद्धान्तिक पुनरावलोकन ५
प्रायोगिक पुनरावलोकन ८

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १२
सामाजिक भाषाविज्ञानको ऐतिहासिक पृष्ठभूमि १३
युरोपेली परम्परा १४
रुसी परम्परा १५
लेक एरोहेड सम्मेलन १५
समाज भाषाविज्ञानको क्षेत्र १६
भाषिक समुदाय १७
भाषिक भेद १८
सामाजिक भेद १९
वर्गीय भेद १९
धार्मिक तथा सांस्कृतिक भेद २०
शैक्षिक भेद २०
उमेरगत भेद २०
पेसागत भेद २०
लैङ्गिक भेद २१
भाषाशैली २१
कोडमिश्रण २२
अलङ्कार २२
लयात्मकता २२
बिम्ब वा प्रतीक २२
उखान टुक्का २३
सारांश २४

**अध्याय तीन**

**अनुसन्धान विधि र प्रक्रिया**

अनुसन्धान विधि २५
अनुसन्धान ढाँचा २५

नमुना छनोट प्रक्रिया २५
तथ्य सङ्कलन प्रक्रिया २५
तथ्य सङ्कलनका साधन २६
सामग्री सङ्कलन २६
अवधारणात्मक ढाँचा २७
नतिजा र छलफल २७
अध्ययनको रूपरेखा २७
सारांश २८

**अध्याय चार**

***सइन* उपन्यासका पात्रहरूको परिचयात्मक वर्गीकरण**

पृष्ठभूमि २९
वर्गका आधारमा उपन्यासका पात्रहरू २९
उच्च वर्गका पात्रहरू २९
मध्यम वर्गका पात्रहरू ३०
निम्न वर्गका पात्रहरू ३०
लिङ्गका आधारमा उपन्यासका पात्रहरू ३१
पुरुष पात्रहरू ३१
महिला पात्रहरू ३१
उमेरका आधारमा पात्रहरू ३१
युवा पात्रहरू ३१
प्रौढ पात्रहरू ३२
बृद्ध पात्रहरू ३२
शैक्षिक आधारमा पात्रहरू ३२
शिक्षित पात्रहरू ३२
अशिक्षित पात्रहरू ३२
उपन्यासका समग्र पात्रहरूको वर्गीकरण ३२
सारांश ३४

**अध्याय पाँच**

***सइन* उपन्यासको पात्रगत भाषिक स्थितिको विश्लेषण**


पृष्ठभूमि ३६

उमेरका आधारमा पात्रहरूले प्रयोग गरेका भाषिक स्थितिको विश्लेषण ३६

युवा पात्रले प्रयोग गरेका भाषिक स्थिति ३६

प्रौढ पात्रले प्रयोग गरेका भाषिक स्थिति ३७

बृद्ध पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण ३९

शैक्षिक अवस्थाका आधारमा पात्रले प्रयोग गरेका भाषिक स्थिति ४१

शिक्षित वर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति ४१

अशिक्षित पात्रले प्रयोग गरेका भाषिक स्थिति ४३

लैङ्गिक आधारमा भाषिक स्थितिको विश्लेषण ४५

पुरुष पात्रहरूले पात्रले प्रयोग गरेका भाषिक स्थिति ४६

महिला पात्रहरूले पात्रले प्रयोग गरेका भाषिक स्थिति ४६

वर्गगत पात्रले प्रयोग गरेका भाषिक स्थिति ४७

उच्च वर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति ४८

मध्यम वर्गका पात्रले प्रयोग गरेका भाषिक स्थिति ४९

निम्न वर्गीय पात्रहरूले प्रयोग गरेका भाषिक विश्लेषण ५०

सारांश ५२


**अध्याय छ**

***सइन* उपन्यासको भाषिक विश्लेषण**


पृष्ठभूमि ५३

भाषिक विश्लेषण ५३

ठेट नेपाली तथा अनुकरणात्मक शब्दहरू ५५

तत्सम शब्दहरू ५५

तद्भव शब्दहरू ५५

उखानटुक्का तथा व्यङ्ग्यात्मक वाक्यहरू ५५
आगन्तुक शब्दहरू ५६
नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण शब्दको प्रयोग ५६
निपात तथा लेख्यचिन्हहरूको प्रयोग ५७
वाक्यगठन ५८
सारांश ५९

**अध्याय सात**

**सारांश, निष्कर्ष र उपादेयता**

सारांश ६०
निष्कर्ष ६२
उपादेयता ६३
नीतिगत तहमा ६३
प्रयोगगत तहमा ६४
सन्दर्भग्रन्थ सूची
वैयक्तिक विवरण

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | पात्रहरूको वर्गीकरण | ३३ |

# चित्र सूची


| चित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | शोधपत्रको ढाँचा | २७ |

## सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| आइ.एस.बि.एन. | : | इन्टरनेसनल स्ट्यान्डर्ड बुक नम्बर |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क. | : | कमरेड |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.स. | : | चौथो संस्करण |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| पु. | : | पुलिङ्ग |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| संस्क. | : | संस्करण |